**स्थानीय राजपत्र**

# परशुराम नगरपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: १ मिति: २०८०/२/३१

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

**भाग २**

**स्थानीय सरकार**

## शैक्षिक संस्था अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन गर्न बनेको कार्यविधी २०८०

**प्रस्तावना:** नेपालको संविधान २०७२ को अनुसूची ८ को सूची नं. ८ मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार सुचीको रुपमा रहेको छ । नगरपालिकाको शैक्षिंक विकासका लागि नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षा प्रदान गरी दक्ष, प्रविधीयोग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ माध्यमिक शिक्षा प्रदान गर्न यस नगरपालिका क्षेत्रभित्र संचालित आधारभुत र माध्यमिक शिक्षा प्रदान गर्ने सरकारी तथा सामुदायिक शैक्षिक संस्थाको व्यवस्थापनमा टेवा पुऱ्याउन वाञ्छनीय भएकाले,

नेपालको संविधानको मर्म एवं स्थानीय सरकार संचालन ऐन, २०७४ अनुरुप परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ०४ बमोजिम परशुराम

नगरपालिकाको नगरकार्यपालिकाले यो शैक्षिक संस्था अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८० लागु गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम शैक्षिक संस्था अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

ग) यो कार्यविधि परशुराम नगरपालिका क्षेत्र भित्रमा संचालित शैक्षिक संस्थाका लागि मात्र लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) “कार्यविधि” भन्नाले परशुराम नगरपालिकाको शैक्षिक संस्था अनुदान तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले परशुराम नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगर सभा” भन्नाले परशुराम नगरररपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

घ) “नगर कार्यपालिका” भन्नाले परशुराम नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) “प्रमुख” भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

च) “शैक्षिक संस्था” भन्नाले परशुराम नगरपालिकामा संचालित सरकारी/सामुदायिक विद्यालय, गुरुकुल र वालविकास केन्द्रलाई सम्झनु पर्दछ ।

छ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालय संचालक समितिबाट प्रचलित कानून बमोजिम नियुक्त गरिएका कर्मचारी सम्झनु पर्दछ ।

ज) “समिति” भन्नाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

झ) “प्रधानाध्यापक” भन्नाले शैक्षिक संस्थाको प्रशासनिक कामकाज समेत गर्ने गरी विद्यालय व्यवस्थापन समतिबाट नियुक्त गरिएको शिक्षक सम्झनु पर्दछ ।

ञ) “विद्यालय” भन्नाले प्रचलित ऐन नियम बमोजिम स्थापना भएको वालविकास केन्द्र, सरकारी र सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

ट) "विद्यालय व्यवस्थापन समिति" भन्नाले प्रचलित ऐन नियम बमोजिम गठन गरिएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ठ)"शिक्षक" सरकारी तथा सामुदायिक विद्यालयमा अध्यापनरत नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकबाट कुनै पनि सेवा सुविधा प्राप्त नगर्ने विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार निजी स्रोतबाट पारिश्रमिक पाउने अस्थायी एवं करार भनी नियुक्त गरिएका शिक्षक सम्झनु पर्दछ ।

## परिच्छेद : २

## अनुदानको उद्देश्य

**३) अनुदानको उद्देश्य:**

क) सरकारी तथा सामुदायिक विद्यालय, गुरुकुल, वालविकास केन्द्रलाई नगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रममा तोकिएको शीर्षकमा सोही बमोजिम खर्च हुनेगरी अनुदान दिन सकिनेछ । अनुदानको निश्चित शीर्षक नतोकिएको भएमा उक्त रकम नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका तथा वडा कार्यालयबाट कुनै पनि सेवा सुविधा नपाइरहेका आन्तरिक स्रोतबाट मात्र न्यून पारिश्रमिकमा कार्यरत प्रचलित नियमानुसार नियुक्त शिक्षकहरुको पारिश्रमिकमा खर्च गर्न सकिनेछ ।

ख) नगरपालिका भित्र सञ्चालित विद्यालय, नमुना विद्यालय तथा अन्य शैक्षिक संस्थाको संरचनात्मक तथा शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने कियाकलाप सञ्चालनमा सहयोग गर्ने । विद्यालयको प्रयोगशाला, प्राविधीक सामग्री खरिद, खेलमैदान, पुस्तकालय व्यवस्थापन, अतिरिक्त कियाकलाप लगायतका भौतिक संरचना निर्माण र कायकममा खर्च गर्न सकिने ।

ग) शैंक्षिक संस्थाबाट प्रदान गरिने सेवालाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन सहयोग गर्ने ।

घ) स्थानिय स्तर एवं घरदैलोमै प्राविधिक, संस्कृतका विद्यालय शिक्षा तथा उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार तुल्याउन सहयोग गर्ने ।

## परिच्छेद -३

## अनुदान दिन सकिने क्षेत्रहरु

**४) अनुदान दिन सकिने क्षेत्रहरु :**

१) यस नगरपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक अनुदान शिर्षकमा प्रदान गरिएको रकम देहाय बामोजिमका शिर्षकमा खर्च गर्न सकिने छ ।

क) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाबाट कुनै अनुदान नपाउने र हाल शैक्षिक संस्थाको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका शिक्षक, कर्मचारीको तलब भत्ता प्रदान गर्न सकिनेछ ।

ख) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाबाट कुनै अनुदान नपाएको र विद्यालयको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिएको कुनै योजना तथा कार्यक्रम एवं शैक्षिक संस्थाले सम्पादन गर्ने कुनै महत्वपूर्ण काम तथा संस्थाको दायित्व परेको काममा खर्च गर्न सकिने ।

ग) शैक्षिक सामग्री व्यवस्थापन

घ) शैक्षिक गतिविधी सञ्चालन कार्यक्रम

२) उपदफा १ मा जुनसकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका वा नगर सभाबाट माथि उल्लेखित मध्ये कुनै शिर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शिर्षकमा मात्र खर्च गर्नुपर्ने छ ।

## परिच्छेद ४

## अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया

### ५. अनुदान तथा सहायता रकम निकासा प्रकृयाः

क) यस कार्यविधी बमोजिम उपलब्ध गराउने अनुदान रकम कार्यपालिका वा नगरसभाबाट निर्णय पारित गरी तोकिए बमोजिम हुने छ ।

ख) अनुदान प्राप्त गर्ने विद्यालय, गुरुकुल, वालविकास केन्द्रले अनुदान कुन कुन शिर्षकमा माग गर्ने हो सोको प्रस्तावना विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा पेस गर्नुपर्नेछ ।

ग) अनुदान रकम दुई किस्तामा शैक्षिक संस्थाको खातामा निकासा दिइनेछ । पहिलो किस्ता शैक्षिक संस्थाको प्रस्तावनाका आधारमा ५० प्रतिसत निकासा हुनेछ । दोश्रो तथा अन्तिम किस्ता सम्बन्धित शैक्षिक संस्थाले पेस गरेको खर्चको विल भरपाई, प्रमाणित कागजातहरु,

कार्य सम्पन्न प्रतिवेदन, वडा तथा नगरस्तरीय अनुगमन समितिको सिफारिसका आधारमा निकासा दिईनेछ ।

घ) नगरपालिकाले तलब भत्ता बाफत उपलब्ध गराईएको अनुदान सम्बन्धित शैक्षिक संस्थाले बैंक मार्फत सम्बन्धित शिक्षक वा कर्मचारीको बैक खातामा तलबी भरपाई मार्फत भुक्तानी दिनुपर्ने छ।

ङ) अनुदान रकम पेश्कीको रुपमा दिन सकिने छ ।

च) अनुदान दिइसके पछि शैंक्षिक संस्थाले नगरपालिकालाई तलबी भरपाई वा खर्चको फाँटवारी तथा बिलहरु पेश गरी पेश्की फच्र्यौट गर्नुपर्ने छ ।

छ) तलब भत्ता बाफतको अनुदानको हकमा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाबाट कुनै पनि तलब, सेवा सुविधा प्राप्त नगरेको विद्यालयको आन्तरीक श्रोतबाट मात्र तलब, सेवा सुविधा पाईरहेका शिक्षक तथा कर्मचारीको विवरण र नियुक्ति पत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ ।

ज) विद्यालयलाई अनुदान दिइएको रकम प्रचलित कानून विपरीत खर्च गरी कुनै हिनामिना भएमा सम्बन्धीत विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति पूर्ण जिम्मेवार रहने छ ।

माथी क देखि छ सम्म जुनसुकै कुरा लखिएको भए तापनि शैक्षिक संस्थामा कार्यरत शिक्षक वा कर्मचारीको बार्षिक तलब भत्ता अपुग भएमा वा अनुदानबाट गरिरहेको काम पूर्ण गर्न नपुगेमा विद्यालय आफैले अपुग रकम बेहोर्नुपर्ने छ । र नगरपालिकाले देहाय बमोजिमका आधारमा शैक्षिक संस्थालाई दिईने अनुदान रकम बर्षै पिच्छे फरक - फरक हुन सक्ने छ ।

क) नगरपालिकाको आन्तरिक आम्दानी

ख) नगरपालिकाको वार्षिक बजेटको आकार

ग) नगरपालिकाको योजनाको प्रमाणीकरण

घ) अनुदानको आवश्यकता औचित्यता र प्रभावकारीता

## परिच्छेद -५

## विविध

**६. लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

शैक्षिक संस्थालाई निकासा भएको रकमको लेखापरीण विद्यालय, वालविकास केन्द्र र गुरुकुलको हकमा प्रचलित कानून बमोजिम बमोजिम हुनेछ । खर्चको कागजात, विल भरपाइ र लेखा परीक्षण गर्ने अन्तिम दायित्व प्रधानाध्यापकको हुनेछ ।

**७. अनुगमन सम्बन्धी व्यवस्था:**

क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा नगरपालिकाबाट अनुगमन हुनेछ । अनुगमनको कममा तोकिएको रकम प्रचलित कानून बमोजिम खर्च नभएको पाइएमा नगरपालिकाले अनुदान कट्टी गरी भुक्तानी भएको अनुदान असुल गर्न सक्नेछ ।

ख) नगरपालिकाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाईएमा नगरपालिकाले तोकिएको कार्य सम्पन्न गर्न सम्बन्धित विदालय व्यवस्थापन समिति वा प्रधानाध्यापकलाई निर्देशन गर्न सक्नेछ ।

ग) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको कर्तव्य हुने छ ।

घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई कानुन बमोजिम कारवाही गर्ने वा कारवाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिने छ ।

**८. संशोधन तथा परिमार्जन:**

नगरपालिकाले शैक्षिक संस्था अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८० लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**९. बाधा अड्काउ वा संसोधन:**

क) यस कार्यविधी बमोजिम कार्य गर्दा कुनै बाधा अड्काउ परेमा वा कार्यविधीमा कुनै संसोधन गर्नु परेमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

प्रमाणिकरण मिति: २०८०/०२/२६

आज्ञाले

खडानन्द खत्री

प्रमुख प्रशासकीय अधिकृत